हे अल्लाह! मेरो कब्र (चिहान) लाई मूर्ति नबनाउनु

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम)
ले भन्नुभएको छ : "हे अल्लाह! मेरो कब्र (चिहान) लाई मूर्ति नबनाउनु। अल्लाहको
धिक्कार ती समुदायहरूमाथि होस्, जसले आफ्ना नबीहरूको चिहानलाई मस्जिद (पूजा गर्ने ठाउँ) बनाए" ।
[सही] [अहमदले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो रब (प्रभु) सँग दुआ (प्रार्थना) गर्नुभयो, कि उहाँको चिहान मूर्ति झैं नबनोस्, जस्को आदरसत्कार गरि पुजा अर्चना गरिन्छ, र त्यस तर्फ फर्केर सजदा1 गरिन्छ । त्यसपछि उहाँले भन्नुभयो, जसले आफ्ना नबीहरूको चिहानलाई मस्जिदमा परिणत गरे, अल्लाहले तिनीहरुलाई आफ्नो कृपाबाट टाढा गर्नु भएको छ । किनकि चिहानलाई उपासना गर्ने ठाउँ बनाउनु भनेको तिनीहरूको पूजा गर्नु र त्यस प्रति आस्था स्थापित गर्नु हो ।

http://sunnah.global/hadeeth/ne/show/3336